"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: ०८२/८३ (प्रशासन शाखा)
च.नं.: ५०६६

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल।
मितिः २०८३|०२|२५
ने.सं.: ११४६ अनलागा ८ सोमवार

श्री यो जससँग सम्बन्धित छ ।

विषयः- सामाखुशी-टोखा- झोर सडक मापदण्ड सम्बन्धमा ।

सामाखुशी-टोखा-झोर सडक खण्डका सम्बन्धमा मिति २०७६/०७/०६ को सम्मानीत सर्वोच्च अदालत पूर्ण ईजलासको फैसला तथा सडक डिभिजन कार्यालय, काठमाडौंको मिति २०८३/०२/१८,च.नं. १८५६ को पत्र समेतबाट यस सडक खण्डको सडक सीमा तोकी हाल सम्म राजपत्रमा प्रकाशित नभएको बेहोरा जानकारी हुन आएकोले सोहि बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

(बि[illegible] श्रेष्ठ)
आवास तथा बस्ती विकास शाखा

बोधार्थ
श्री वडा कार्यालय, सबै
टोखा नगरपालिका

CS Scanned with CamScanner

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन काठमाडौं
पिनथली, काठमाडौं

फोन नं. : ४५६५४५७
फ्याक्स नं. : ४५६५४५७
email: rd_kathmandu@dor.gov.np
droktm1@gmail.com

पत्र सं. : ०८२/८३
च.नं. १८७५

मिति : २०८३।०२।१८
ने.सं. ११४६ अनालागा प्रतिपदा १६

श्री टोखा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मैजुहिटी, काठमाडौं ।

**विषय : थप स्पष्ट पारी पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँको प.सं. ०८२।८३ (प्रशासन शाखा) च.नं. ४७३० मिति २०८३।०२।१२ को पत्रबाट यस कार्यालयको च.नं. १३८० मिति २०८२।१२।११ को पत्रका सम्बन्धमा थप स्पष्ट पारी पठाइदिन माग भए बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।०२।०६ को निर्णयानुसार उक्त सडक खण्ड राष्ट्रिय राजमार्ग अन्तर्गत रहेको विवरण यसै पत्रसाथ संलग्न राखी पठाइएको, साथै उल्लेखित सडक खण्डको सडक सिमा तोकि हालसम्म राजपत्रमा प्रकाशित नभएको व्यहोरा समेत अनुरोध छ ।

.............................
(इ. सुबोध कुमार देवकोटा)
डिभिजन प्रमुख

प्रस्तावित राष्ट्रिय राजमार्गहरु

| सि.नं. | राजमार्ग संकेत | सडकको नाम | लम्बाई (कि.मी.) | आधार नं. |
|---|---|---|---|---|
| ३३ | NH33 | निजगढ-काठमाण्डौं | ७६ | ख |
| ३४ | NH34 | काठमाण्डौं-धुलीखेल-दोलालघाट-खाडीचौर-कोदारी (अरनिको राजमार्ग) | ११२ | ख |
| ३५ | NH35 | पिलुवा मानमत -कलैया-मटिहवा | ३५ | घ |
| ३६ | NH36 | चन्द्रपुर-गौर | ४५ | घ |
| ३७ | NH37 | हेटौंडा-बागमती-टिकाभैरव-भैसेपाटी-एकान्तकुना (कान्ती राजपथ) | ८६ | ग |
| ३८ | NH38 | काठमाण्डौं बाहिरि चक्रपथ | ६८ | ङ |
| ३९ | NH39 | काठमाण्डौं चक्रपथ | २७ | ङ |
| ४० | NH40 | छायाखुशी-टोखा-गुर्जे-बिदुर | २६ | घ |
| ४१ | NH41 | सिमरिया-पथलैया, हेटौंडा-भैसे-पालुङ-नौबिसे-काठमाडौं (त्रिभुवन राजपथ) | १५५ | ख |
| ४२ | NH42 | ठोरी-भण्डारा-मलेखु, गल्छी-त्रिशुली-बेत्रावती-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी | १९७ | क |
| ४३ | NH43 | मलेखु धादिङ [illegible] | ५७ | घ |
| ४४ | NH44 | ठोरी-भरतपुर-मुग्लिङ, आँबुखैरेनी-गोरखा-ब्यासपेसाल, आरुघाट-सिर्दिबास-रोईला भञ्ज्याङ | ३०० | क |
| ४५ | NH45 | खैरनीटार बिमाद कावासोती | १०६ | ङ |
| ४६ | NH46 | भुमही-परासी | ९ | ङ |
| ४७ | NH47 | बेलहिया-भैरहवा-बुटवल-बर्तुङ-राम्दी-स्याङ्जा-पोखरा (सिद्धार्थ राजमार्ग) | १८४ | ख |
| ४८ | NH48 | तानसेन-रिडी-कोरला | २५४ | क |
| ४९ | NH49 | बर्तुङ तानसेन रिडी वामीटक्सार खर्बाङ | ९८ | ङ |
| ५० | NH50 | जितपुर-तौलिहवा-खुनुवा | ३० | ङ |
| ५१ | NH51 | तौलिहवा गोरुसिंगे सन्धिखर्क | ८३ | घ |
| ५२ | NH52 | कक्रहवा (भारत सिमा)-रुद्रपुर, [illegible]-सन्धीखर्क-देवीस्थान, बुर्तिबाङ-ढोरपाटन | २२२ | ङ |
| ५३ | NH53 | भालुबाङ लिवाङ रोल्पा माडीचौर थारबोट | १३० | घ |
| ५४ | NH54 | कोईलाबास-लमही, अर्जुनखोला-घोराही-होलेरी-वर्तिगाँऊ-थवाङ-लुकुम (शहिद मार्ग) | २११ | क |
| ५५ | NH55 | कमेलिया-तुल्सिपुर-शितलपाटी-थारमारे-मुसीकोट (राप्ती राजमार्ग) | १६९ | घ |
| ५६ | NH56 | थारमारे-चौरजहारी-जाजरकोट खलंगा-डुग्रा कुँडारी-गुगु रारा (रारा राजमार्ग) | २६३ | ङ |
| ५७ | NH57 | छिन्चु-कुदु-जाजरकोट-दुनै-धो-तिन्जे-मरिम (भेरी करीडोर) | ३१७ | क |
| ५८ | NH58 | जमुनाहा-नेपालगंज-कोहलपुर-सुर्खेत-खुलालु-हिल्सा (कर्णाली राजमार्ग) | ५३८ | क |
| ५९ | NH59 | मुर्तिया(भारतीय सिमा)-गुलरिया-भुरीगाँऊ-तेलपानी-सुर्खेत- माथिल्लो डुंगेश्वर -बैंक-बयुली नागमा सडक | १५४ | ङ |
| ६० | NH60 | सुर्खेत-दैलेख-महाबुलेख-गाल्जे, नाग्मा-नक्कीगाडी-नाक्चेलाग्ना | ३०२ | ङ |
| ६१ | NH61 | सुर्खेत तल्लो डुंगेश्वर-सातखम्बा-दुल्लु-पिपलकोट-खुलालु-मान्मा-नाग्मा-जुम्ला सडक | १६८ | घ |
| ६२ | NH62 | खकरौला-टिकापुर-लम्कि-लोडेघाट-बयलपाटा, सफिबगर-चैनपुर | २२८ | क |
| ६३ | NH63 | सफिबगर-मार्तडी-कोल्टी | १११ | घ |
| ६४ | NH64 | खोड्पे-चैनपुर (बझाङ) | १०८ | घ |
| ६५ | NH65 | खुटिया-दिपायल-चैनपुर-उरैभञ्ज्याङ | २९६ | क |
| ६६ | NH66 | धनगढी-सहजपुर-बुढर-स्याउले, सतबाँझ-भाकतोली-दार्चुला-टिङ्कर | ३५० | क |
| ६७ | NH67 | चाँदनी-भिमदत्त-ब्रह्मदेव-पचेश्वर-झुलाघाट | २०१ | ङ |
| ६८ | NH68 | भिमाद-रामपुर-मित्याल-आरङ खोला | ८० | ग |
| ६९ | NH69 | जगत भञ्ज्याङ-मण्डलीथान-केवरे भञ्ज्याङ-वारीकुना-किसान-थापाकोट-राजरकोट सडक, स्याङ्जा | ४२ | ङ |

श्री सचिव
नं: ९९१
मिति: २०७६।०२।०९

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

विषयः राष्ट्रिय लोकमार्ग र प्रदेश लोकमार्ग तथा स्थानीय सडकहरुको सूचि स्वीकृत सम्बन्धमा।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०७६।०२।०६

१) विषयको संक्षिप्त व्यहोराः-

नेपाल सरकारको मिति २०७०/२/१३ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारी भित्र रहने गरी २१ वटा राजमार्ग र २०९ वटा सहायक मार्ग कायम भएको । नेपालको संविधानमा भएको व्यवस्था अनुसार संघीयता लागू भएको वर्तमान अवस्थामा संघको जिम्मेवारीमा राष्ट्रिय लोकमार्ग मात्र रहने हुँदा राष्ट्रिय लोकमार्गको संख्या र क्षेत्र पुनरावलोकन गर्न आवश्यक भएको ।

मुलुक संघीय संरचनामा प्रवेश गरिसकेको बर्तमान अवस्थामा संघ र प्रदेश बीच, प्रदेश-प्रदेशबीच र छिमेकी मुलुहरुसँगको यातायात सम्पर्कका लागि प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित र कम खर्चिलो यातायात सेवा प्रदान गर्न राष्ट्रिय लोकमार्ग सञ्जालको बिकास र सुदृढीकरण तथा प्रभावकारी यातायात व्यवस्थापन गरी समृद्ध नेपाल निर्माणमा सहयोग पुर्याउनका लागि समग्र राष्ट्रिय राजमार्ग सञ्जालको व्यवस्थापन संबैधानिक प्रावधान (नेपालको संविधान, अनुसूचि ५ को बुदाँ नं २०-राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन) अनुरुप संघीय सरकार मार्फत हुनुपर्ने देखिन्छ ।

नेपाल सरकारबाट स्वीकृत भएको सम्वृद्ध नेपालका लागि सडक, रेल तथा यातायात विकासको पाँचवर्षे रणनीतिक योजना एवं हाल विकास भएको सडक सञ्जाललाई समेत मध्यनजर गर्दै मा.मन्त्रीस्तरको मिति २०७६/०२/०६ को निर्णय अनुसार स्वीकृत देहायका आधारमा संलग्न सूची अनुसार राष्ट्रिय लोकमार्ग एवं प्रदेश लोकमार्ग र स्थानीय सडक वर्गीकरण स्वीकृतको लागि मन्त्रपरिषदमा प्रस्ताव पेश गर्न आवश्यक भएकोले यो प्रस्ताव पेश गरिएको छ ।

अ. राष्ट्रिय लोकमार्ग

(क) नेपालको संविधान को अनुसूची (५) मा उल्लेख भएको संघको क्षेत्राधिकारमा रहेको संघीय लोकमार्गको विकास तथा विस्तार,

(ख) दुईवटा अन्तराष्ट्रिय सीमाना जोड्ने मूल सडकहरु,

(ग) राष्ट्रिय राजधानी वा प्रादेशिक राजधानीलाई अन्तराष्ट्रिय सीमा जोड्ने मूल सडक वा मूल सडकको खण्ड

(घ) दुई वा दुई भन्दा बढी प्रदेश जोड्ने मुल सडकहरु तथा पूर्व-पश्चिम राजमार्गहरु जोडने मूल सडक

(ङ) प्रदेश राजधानीहरुलाई एक आपसमा वा संघीय राजधानीसंग जोड्ने मुल सडक,

(च) पूर्व-पश्चिम लोकमार्गबाट प्रादेशिक राजधानीहरु तथा केन्द्रिय राजधानी जोड्ने छोटो दुरीको द्रुत मार्ग निर्माण तथा स्तरोन्नती (जटिल प्रकृतिको सडक खण्डको सुरुङिकरण गर्ने कार्य समेत)

(छ) राष्ट्रिय राजमार्गलाई पुनःसुचिकरण गर्दा साविक राजमार्गको कुनै लिङ्क छुट्न गएको भए सो लिङ्क तथा राष्ट्रिय राजमार्गबाट जिल्ला सदरमुकाम जोड्ने मुख्य सडक,

(ज) राष्ट्रिय लोकमार्गलाई बैकल्पिक मार्गको रुपमा प्रयोग गर्न सकिने सडक खण्ड वा राष्ट्रिय सुरक्षा एंव रणनीतिक महत्वको भनी नेपाल सरकारबाट निर्णय भएका लोकमार्ग।

आ. प्रदेश लोकमार्ग

(क) राष्ट्रिय लोकमार्ग (राजमार्ग) मा समावेश नभएका सडकहरु,

(ख) साविकका रणनीतिक सडक सञ्जाल अन्तर्गतका सहायक( १० कि.मि: भन्दा बढी लम्बाई भएका) मार्गहरु,

(ग) प्रदेश सरकारले घोषणा गरेका प्रादेशिक महत्वका सडकहरु

(घ) दुई वा दुई भन्दा बढी स्थानीय तहको केन्द्र जोडिने सडकहरु.

ङ. स्थानीय तह अन्तर्गतका राष्ट्रिय लोकमार्ग र प्रदेश लोकमार्ग बाहेकका अन्य सबै सडकलाई स्थानीय सडक सञ्जाल भनी परिभाषित गर्ने ।

(क) स्थानीय तह अन्तर्गतका राष्ट्रिय लोकमार्ग र प्रदेश लोकमार्ग बाहेकका अन्य सबै सडकलाई स्थानीय सडक सञ्जाल भनी परिभाषित गर्ने र

(ख) स्थानीय तहले समय समयमा स्थानीय सडक भनी निर्णय गरेका सडकहरु

२) प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा:-

नेपालको संविधान, अनुसूची ५ को बुँदा नं. २० मा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन अनुरुप संघीय सरकार मार्फत हुनुपर्ने उल्लेख भएको । सार्वजनिक सडक ऐन, २०३१ को परिच्छेद-२(३) मा सार्वजनिक सडकहरुको वर्गीकरण तथा तीनको सडक सिमा:- नेपाल सरकारकले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकलाई देहाय बमोजिम बर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखी दायाँ बायाँ दुवैतिर एकतीस मिटरमा नबढाई सडक सिमा तोक्नेछ । तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण त्यस्तो सडक सिमा कम वेग गर्न वा पुल तथा पुलको वरपर नदीको तटवन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सक्नेछ ।

क) राजमार्ग,

ख) सहायक मार्ग,

ग) जिल्ला मार्ग, र

घ) शहरी मार्ग ।

३) प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस:-

नेपाल सरकारको मिति २०७०/२/१३ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारी भित्र रहने गरी २१ वटा राजमार्ग र २०९ वटा सहायक मार्ग कायम भएको । नेपालको संविधान २०७२ मा भएको व्यवस्था अनुसार संघको जिम्मेवारीमा राष्ट्रिय लोकमार्ग मात्र रहने हुँदा राष्ट्रिय लोकमार्गको संख्या र क्षेत्र पुनरावलोकन गर्ने आवश्यक भएको । मा.मन्त्रीस्तरको मिति २०७६/०२/०६ को निर्णय अनुसार स्वीकृत राष्ट्रिय लोकमार्ग एवं प्रदेश लोकमार्ग र स्थानीय सडक वर्गीकरणका आधारहरुमा नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीज्यूबाट २०७६/०२/०६ मा स्वीकृती प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४) निर्णय हुनुपर्ने व्यहोरा:-

नेपालको संविधान, २०७२ को अनुसूचि ५ को बुँदा नम्बर २० मा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन गर्ने उल्लेख भए बमोजिम संघीय सरकारबाट व्यवस्थापन भएका सडकहरु मध्ये राष्ट्रिय लोकमार्ग ८०, प्रदेश लोकमार्ग ९२ तथा स्थानीय सडक ३५ गरी संलग्न सूचि अनुसारका सडकहरुलाई राष्ट्रिय लोकमार्ग र प्रदेश लोकमार्ग तथा स्थानीय सडक कायम गर्ने ।

मिति : २०७६।०२।०६

(मधुसुदन अधिकारी)

सचिव

श्री सचिव,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।

राष्ट्रिय लोकमार्ग र प्रदेश लोकमार्ग तथा स्थानीय सडकहरूको सूची स्वीकृत गर्ने विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७५/२/६ को प्रस्ताव म.प.बै.स. ७/०७६ मिति २०७६/२/६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७६/२/६